## खत्याड गाउँपालिका

# स्थानिय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ४ | मितिः २०८१।०३।१० |


## भाग-१

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँपालिकाको १६ औं गाउँसभाले आ.व. २०८१।०८२ को लागि बजेट तथा कार्यक्रम तर्जुमा गरेको छ।

**खत्याड गाउँपालिकाको १६ औं गाउँसभाको अधिवेशनका आदरणीय सभाध्यक्ष ज्यू,**

यस गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, कर्मचारी तथा महानुभावहरु म यहाँहरु सबैलाई हार्दिक नमस्कार गर्दै खत्याड गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको हैसियतले आगामी आ.व. २०८१।०८२ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

जनताको अधिकार स्थापित गराई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दा सम्मका सबै खालका जनआन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने ज्ञात र अज्ञात शहीदहरुप्रति स्रद्धासुमन अर्पण गर्न चाहान्छु। नेपालको संविधान बमोजिम जनमत प्राप्त स्थानीय सरकारको उपाध्यक्षको हैसियतले आगामी आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहँदा मिति २०७९ असोज १६ देखि २३ गते सम्म अविरल बर्षाका कारण खत्याड खोलामा आएको बाढीबाट प्रभावित खत्याड बासीको जर्जर अवस्थालाई सामना गर्न सबैको साथ र सहयोगका लागि हार्दिक अनुरोध गर्न चाहान्छु। हामीलाई प्राप्त भएको सीमित स्रोतलाई सन्तुलित र प्रभावकारी परिचालनका माध्यमबाट समृद्धि र विकासको महत्वपूर्ण लक्ष्य प्राप्त गर्न खत्याड गाउँपालिकाको आ.व. २०८१।०८२ को अनुमानित आय व्यय यस गरीमामय गाउँसभाको १६ औं अधिवेशनमा प्रस्तुत गर्न पाउँदा म आफु गौरवान्वित भएको महसुस गरेको छु। बजेटका प्रचलित सिद्धान्त, मुल्य एवं मान्यताहरुलाई आत्मसात गर्दै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अनुसरण गर्दै आ.व. २०८१।०८२ को यो बजेट खाका तयार गरिएको छ। नेपालको संविधानमा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानमा लिपिबद्ध मौलिक हकहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १६ औं योजनाका प्राथमिकता, प्रदेश आवधिक योजनाका प्राथमिकताहरु, दिगो विकासका लक्ष्य तथा नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम, बजेट तथा यस गाउँपालिकाको प्रथम आवधिक योजना र मध्यमकालिन खर्च संरचनाका प्राथमिकताहरुलाई आधार मानी यो बजेट तर्जुमा गरेको छु।

आ.व. २०८१।०८२ को बजेटका मुख्य उद्देश्यहरु यसप्रकार रहेका छन्।

- कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।
- सूचना प्रविधिको उच्चतम प्रयोग र उपयोग गरी डिजिटल खत्याड कायम गर्ने।
- खत्याडलाई गुणस्तरिय र प्राविधिक शिक्षाको केन्द्रका रुपमा विकास गर्ने।
- खत्याडमा आउन सक्ने सम्भावित विपद् जोखिमका समस्याहरुको समाधानका लागि आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्ने।
- क्रमागत योजनाहरु द्रुततर रुपमा सम्पन्न गर्ने।
- बैदेशिक रोजगारी गुमाएर आएका नागरिकलाई रोजगारीको व्यवस्था गर्ने।
- युवा वर्गलाई सिप, ज्ञान, क्षमता र दक्ष तुल्याई स्वालम्बन उद्यमी र प्रतिभावना बनाउने।
- पर्यटन पूर्वाधार र पर्यटन प्रवर्धन गर्ने।
- शिक्षा, स्वास्थ्य, सञ्चार र, खानेपानी तथा सरसफाई सेवाको क्षमता अभिबृद्धि गर्ने।
- पूर्वाधार विकास गरी व्यवस्थित खत्याड निर्माण गर्ने।
- स्थानीय सरकारलाई छिटो, छरितो, सक्षम, सुदृढ बनाइ सुशासन तथा विधि पूर्वक सेवा प्रवाह गर्ने।

आ.व. २०८१।०८२ को बजेट प्राथमिकताका आधारहरु यसप्रकार रहेका छन्।

- कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रमा पूर्वाधार र जनशक्ति व्यवस्थापन गरी सेवामा गुणस्तरियता कायम गर्ने।

- लगानी बढाई रोजगारी सिर्जना गर्ने।
- विपद् बाट हुने समस्याहरुको पूर्वतयारी गरी विपद् न्युनीकरण गर्ने।
- आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने क्षेत्रमा स्रोत परिचालन गर्ने।
- स्थानीय स्रोतसाधनमा आधारित भई विकास निर्माणमा जनसहभागिता अभिबृद्धि गर्ने।
- लैङ्गिक समानता र समावेशीकरण द्वारा जनसहभागिता बृद्धि गर्ने।
- दिगो विकास लक्ष्य, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने।
- गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाई डिजिटल खत्याड कायम गर्ने।
- संस्थागत विकास र सुशासन कायम गर्ने।

खत्याड गाउँपालिका

**आदरणीय सभाध्यक्ष ज्यू,**

आ.व. २०८१।०८२ मा खत्याड गाउँपालिकामा तपशिलमा उल्लेखित स्रोतहरुबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु। जसको संक्षिप्त विवरण निम्नानूसार छ।

क) आन्तरिक आय बाट रु. ३०,००,००० (तीस लाख)।

ख) संघीय सरकारको वित्तीय हस्तान्तरण ( सशर्त, समानिकरण, विशेष, समपुरक) रकम रु. ४४,८९,००,००० ( चौवालिस करोड उनानब्बे लाख)।

ग) प्रदेश सरकारको वित्तीय हस्तान्तरण बाट प्राप्त हुने अनुदान रकम रु. ६,६८,०४,०००(छ करोड अठसट्ठी लाख चार हजार)।

घ) संघ सरकार र प्रदेश सरकारको राजश्व बाँडफाँड रकम रु. ९,८२,००,०००( नौ करोड बयासी लाख)

ङ) अल्या रकम रु. २,००,००,०००(दुई करोड) समेत गरी कुल जम्मा रु. ६३,६९,०४,०००( त्रिसट्ठी करोड उनान्सत्तरी लाख चार हजार) आय हुने लक्ष्य प्रस्ताव गरेकी छु। जसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ।

| अनुसुचि १ | | | |
|---|---|---|---|
| श्रोतको अनुमान तथा सिमा निर्धारण | | | |
| **शीर्षक** | **आ.व. २०७९।८० को यथार्थ** | **आ.व. २०८०।०८१ को संशोधित अनुमान** | **आ.व. २०८१।०८२ को अनुमान** |
| **आय** | **५५७२५८९६८** | **६०६८८७४५८** | **६३६९०४०००** |
| **आन्तरिक श्रोत** | **९५५९६७०५** | **५५२३८०७२** | **२३००००००** |
| ११३१३ सम्पति कर | ० | १२००००० | ५०००० |
| ११३१४ भुमिकर मालपोत | १०००००० | १५००००० | ४००००० |
| ११३१७ बहाल कर | ५०००० | ४००००० | ४०००० |
| ११४७९ अन्य मनोरन्जन कर | ० | ० | २०००० |
| ११६११ ब्यावसायले भुत्तानी गर्ने कर | ५००००० | ७००००० | ५०००० |
| ११६२१ ब्यावसाय बाहेक अन्यले भुत्तानी गर्ने कर | ० | ० | ८०००० |
| ११६३१ कृर्षि तथा पशु जन्य बस्तुको ब्यावसायिक कारोबारोमा लाग्ने कर | ० | ० | १००००० |
| ११६९१ अन्य कर | १९७००९ | 0 | ३००००० |
| १४२२१ न्यायीक दस्तुर | ५०००० | ३००००० | ५०००० |

| | | | |
|---|---|---|---|
| १४२२४ परिक्षा शुल्क | ० | ५००००० | १५०००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ० | १३००००० | १००००० |
| १४२४३ सिफारीस दस्तुर | ० | ७००००० | ४५०००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ० | २००००० | ५०००० |
| १४२५३ ब्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ५००००० | १००००० |
| १४६११ ब्यावसाय कर | ० | ० | २००००० |
| १४५२९ अन्य राजश्व | ० | ८००००० | १६०००० |
| १५१११ वेरुजु | ४००००० | १०००००० | ७००००० |
| ३२११२ बैंक मौज्दात | ९३३९९६९५ | ४६१३८०७२ | २०००००००० |
| **राजश्व बाँडफाँड** | **५६०७०१०८** | **९२४१३४३२** | **९८२०००००** |
| ११३१५ घर जग्गा रजिष्ट्रेशन दस्तुर | ० | २७२१३२ | ० |
| ११४११ बाँडफाँड भइ प्राप्त हुने मुल्य अभिबृद्धि कर | ५६०७०१०८ | ९१८४१३०० | ० |
| ११४५६ बाँडफाड भइ प्राप्त हुने सवारी साधन कर | ० | ३००००० | ० |
| **संघीय सरकार** | **३८०५७१५४३** | **४०३२८४९५४** | **४४८९०००००** |
| १३३११ समानिकरण अनुदान | ११०९०७५०० | १०३३००००० | १०४२००००० |
| १३३१२ सशर्त्त अनुदान चालु | २३३९९६२४८ | २५९४९८९५४ | २५६३००००० |
| १३३१३ सशर्त्त अनुदान पुँजिगत | २९८५७३०६ | २१९८६००० | ७६९००००० |
| १३३१५ विषेश अनुदान पुँजिगत | ४५०५९६३ | ७०००००० | ११५००००० |
| १३३१७ समपुरक अनुदान पुँजिगत | १३०४५२५ | ११५००००० | ० |
| **प्रदेश सरकार** | **२५०२०६१२** | **५५९५१०००** | **६६८०४०००** |
| १३३११ समानिकरण अनुदान | १२३६८००० | १२३६६००० | १२३४९००० |
| १३३१२ सशर्त्त अनुदान चालु | २१३८३१६ | १०५८५००० | ३२५५००० |
| १३३१३ सशर्त्त अनुदान पुजिगत | १०५१४२९६ | २२०००००० | २७५००००० |
| १३३१४ विषेश अनुदान चालु | ० | ० | ५०००००० |
| १३३१५ विषेश अनुदान पुँजिगत | ० | २०००००० | 0 |
| १३३१६ समपुरक अनुदान चालु | ० | ९०००००० | 0 |
| १३३१७ समपुरक अनुदान पुँजिगत | ० | ० | १८७००००० |

संघीय सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु. ३३,३२,००,००० (तेत्तीस करोड बत्तीस लाख) र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने सशर्त तर्फको बजेट रु. ३,०७,५५,००० (तीन करोड सात लाख पचपन्न हजार) लाई बजेटमा कार्यक्रम क्रियाकलाप तथा रकम नै तोकी पठाइएकोले जे जस्तो अवस्थामा पालिकालाई बजेट तथा कार्यक्रम प्राप्त भएको सोहि अनुसार नै यस बजेट तथ कार्यक्रम समावेश गरिएको छ।

माथि प्रस्तुत आय विवरण बमोजिमको कुल रु. ६३,६९,०४,०००( त्रिसट्ठी करोड उनान्सत्तरी लाख चार हजार) लाई निम्न बमोजिमको क्षेत्रहरुमा प्रस्तावित बजेट पेश गरेको छु।

| आ.व. २०८१।०८२ को क्षेत्रगत रुपमा बिनियोजित बजेटको विवरण | | | |
|---|---|---|---|
| क्र.स. | खर्च शीर्षक | आ.व. २०८१।०८२ का लागि प्रस्तावित बजेट (रु. हजारमा) | कैफियत |
| **१** | **कार्यालय सञ्चालन प्रशासनिक खर्च** | **१०९२५५** | |
| **२** | **सामाजिक विकास** | | |
| २.१ | शिक्षा, युवा तथा खेलकुद | ४८००० | |
| २.२ | स्वास्थ्य | १४५०० | |
| २.३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ४००० | |
| **३** | **आर्थिक विकास** | | |
| ३.१ | कृषि विकास | **१००००** | |
| ३.२ | पशु सेवा | **२२००** | |
| ३.३ | सहकारी | **१४५०** | |
| ४ | **सूचना तथा सञ्चार** | **२५००** | |
| **५** | **न्याय, कानून तथा मानव अधिकार** | **१५००** | |
| ६ | **वातावरण तथा विपद् व्यवस्थापन** | **२५००** | |
| ७ | **पूर्वाधार विकास** | **३९५९९** | |
| ८ | **वडा स्तरिय योजना** | **३३०००** | |
| | | | |
| ९ | **संघीय वित्तीय हस्तान्तरण अन्तर्गत** | | |
| ९.१ | संघीय सशर्त कार्यक्रम | ३३३२०० | |
| ९.२ | संघीय विशेष अनुदान तर्फका कार्यक्रमहरु | ११५०० | |
| **१०** | **प्रदेश वित्तीय हस्तान्तरण अन्तर्गत** | | |
| १०.१ | प्रदेश सशर्त कार्यक्रम | ३०७५५ | |
| १०.२ | प्रदेश समपुरक कार्यक्रम | १८७०० | |
| १०.३ | प्रदेश विशेष अनुदान तर्फका कार्यक्रमहरु | ५००० | |
| जम्मा | | ६३६९०४ | |

क) एकल महिला, दलित परिवार, ज्येष्ठ नागरिकको स्वास्थ्य सुरक्षाको लागि ३७ लाख बजेट बिनियोजन गरेको छु।

ख) सामुदायिक विद्यालयको भौतिक पुर्वाधार विकास, जनशक्ति ब्यवस्थापन शिक्षकलाई प्रविधिमैत्री सिप विकास शिक्षण कला र क्षमता विकास र अभ्यास शिक्षण सिकाई आदान प्रदान कार्यक्रमका लागि १ करोड ९० लाख बिनियोजन गरेको छु।

ग) सामाजिक सुरक्षा, जेष्ठ नागरिक सम्मानका लागि  आवश्यक बजेट बिनियोजन गरेको छु।

घ) युवा उद्यमी विकास, महिला सशक्तिकरण, स्वरोजगारमूलक कार्यक्रम, सिप तथा दक्षता विकासका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

ङ) कृषि क्षेत्रमा उत्पादकत्व बृद्धि गरी रोजगारी सृजना गर्न, कृषि पकेट क्षेत्र विकास र घरदैलो कृषि प्राविधिक सेवा उपलब्ध गराउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च) खेलकुद क्षेत्रको विकास गर्न खेल मैदान निर्माण र पालिका स्तरको खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु।

छ) सडक स्तरोन्नति, सडक नपुगेको वडामा सडक विस्तारका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु।

ज) विपद् व्यवस्थापन, उद्दार, राहत तथा पुनस्थापनाका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

झ) हामीले ल्याएका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी सम्पन्न गर्न र बजेटले अपेक्षा गरेको लक्ष्य तथा उपलब्धी हासिल गर्नका लागि बजेटको प्रभावकारी कार्यान्वयन सहयोग गर्न सम्बद्ध सबै सरोकारवाला पक्षमा हार्दिक अनुरोध गर्दछु।

ञ) सामुदायिक विद्यालय र खत्याड गाउँपालिकाको कार्यालयलाई डिजिटल बनाउन आवश्यक बजेटको ब्यवस्था गरेको छु।

ट) सबै क्षेत्रको सन्तुलित विकास गर्ने हेतुले कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, पर्यटन लगायतका सबै क्षेत्रको विकासका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरेको छु।

धन्यवाद!

सरिता रोकाया

उपाध्यक्ष

खत्याड गाउँपालिका